खण्ड ६ भागेश्वर, माघ १० गते, २०७९ साल (संख्या १७)

भागेश्वर गाउँपलिका

# स्थानीय राजपत्र

भाग-२

## शैक्षिक छात्रवृत्ति कार्यविधि, २०७९

भागेश्वर गाउँपालिकाको शैक्षिक, आर्थिक, सामाजिक विकासका लागि आवश्यक पर्ने जनशक्तिको विश्लेषणको आधारमा विभिन्न विषयमा दिइने छात्रवृत्तिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भागेश्वर गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

१. सङ्क्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम “शैक्षिक छात्रवृत्ति  कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) “विद्यालय” भन्नाले भागेश्वर गाउँपालिकाभित्र सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई सम्झनुपर्दछ ।

(ख) “गाउँपालिका” भन्नाले भागेश्वर गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ग) “छात्रवृत्ति” भन्नाले यस गाउँपालिकाले कुनै अध्ययन, तालिमका लागि उपलब्ध गराएको आर्थिक सहयोग वा अनुदानलाई सम्झनु  पर्दछ ।

(घ) “कार्यपालिका” भन्नाले भागेश्वर गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु  पर्दछ ।

(ङ) “छात्रवृत्ति निर्धारण समिति” भन्नाले दफा ५ बमोजिमको छनोट समिति सम्झनुपर्दछ ।

(च) “विद्यालय तह” भन्नाले भागेश्वर गाउँपालिकाका सामुदायिक विद्यालयहरुबाट कम्तीमा कक्षा १० सम्मको अध्यापन हुने विद्यालय भन्ने सम्झनु  पर्दछ ।

(छ) “अध्यक्ष” भन्नाले भागेश्वर गाउँपालिकाको अध्यक्ष वा प्रमुखलाइ सम्झनु पर्दछ ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु  पर्दछ ।

(झ)  “शिक्षा अधिकृत” भन्नाले गाउँपालिकाको शिक्षा शाखाको शिक्षा अधिकृतलाई सम्झनुपर्दछ ।

(ञ) “शिक्षा शाखा” भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खलेकुद शाखालाई सम्झनुपर्दछ ।

(ट) क्याम्पस तह भन्नाले सरकारी वा सामुदायिक क्याम्पसतर्फ स्नातक तह सञ्चालन गरेका क्याम्पसलाई सम्झनुपर्दछ ।

**३. छात्रवृत्ति सम्बन्धी शर्त तथा छात्रवृत्ति को लागि विद्यार्थीको योग्यताः** (१) यस कार्यविधि बमोजिमको छात्रवृत्तिका लागि आवेदन दिने छात्रछात्राले देहाय बमोजिमको शर्तहरु पुरा गरेको हुनु पर्नेछः

(क) नेपाली नागरिक हुनु पर्ने,

(ख) गाउँपालिका भित्रको स्थायी बासिन्दा हुनु पर्ने वा महिलाको हकमा गाउँपालिकाको स्थायी बासिन्दा पुरुष संग विवाह गरेको हुनु पर्ने,

(ग) सामुदायिक माध्यमिक विद्यालयबाट एसइइ उत्तिर्ण गरेको हुनुपर्ने,

(घ) छात्रवृत्तिका लागि आवेदन दिएको शैक्षिक तहमा संघीय सरकार, प्रदेश सरकार, विश्वविद्यालय अनुदान आयोग, सम्बन्धीत विश्वविद्यालय तथा क्याम्पस, प्राविधिक शिक्षा तथा व्यबसायिक तालिम परिषद्, वा अन्य कुनै पनि निकाय वा संघ संस्थाबाट छात्रवृत्ति नलिएको हुनुपर्ने ।

**४. छात्रवृत्ति छनौट प्रक्रियाः** (१) दफा ३ बमोजिम शर्त पुरा गरेका छात्रछात्राहरुले दफा ७ मा तोकिएका कागजात सहित गाउँपालिकामा अनुसूची १ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएका निवेदनहरु जाँचबुझ तथा मूल्याङ्कन गरी छात्रवृत्तिका लागि नाम छनोट तथा सिफारिस गर्न दफा ५ बमोजिमको समितिमा पठाउनेछ ।

**५.छात्रवृत्तिको लागि विद्यार्थी छनौट समितिः**(१) यस कार्यविधि बमोजिम प्रदान गरिने छात्रवृत्ति छनौटको लागि देहाय बमोजिमको छात्रवृत्ति छनोट समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य

(घ) प्राविधिक सहायक (शिक्षा शाखा) - सदस्य

(ङ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) छात्रवृत्ति छनोट समितिले आवश्यक ठानेमा कार्यपालिका सदस्य तथा कर्मचारीलाइ समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(३) छात्रवृत्ति छनोट समितिको बैठक समितिको आवश्यकता अनुसार बस्नेछ ।

**६.छात्रवृत्ति छनौट समितिको काम कर्तव्य र अधिकारः** (१) छात्रवृत्ति छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विनियोजित बजेटको सीमा भित्र रही छात्रवृत्तिको किसिम, रकम र संख्या यकिन गरी आवेदनको लागि बर्षमा एक पटक सूचना प्रकाशन गर्न गाउँपालिकालाइ सिफारिस गर्ने,

(ख) गाउँपालिकाबाट प्रकाशित सुचना अनुसार प्राप्त निवेदनहरुको जाँचबुझ तथा मूल्याङ्कन गर्ने,

(ग) उपदफा (ख) बमोजिमको निवेदनको जाँचबुझ तथा मूल्याङ्कन गरी दफा ३ बमोजिमका शर्त पुरा गरेका, दफा ७ मा उल्लेखित कागजात पेश गरेका निवेदक मध्येबाट विनियोजित बजेटको सीमाभित्र रही नाम छनोट गरी गाउँपालिकालाइ सिफारिस गर्ने,

(घ) निवेदकको विद्यालय, क्याम्पस तथा विश्वविद्यालयसंग आवश्यक विवरण माग गर्ने तथा समन्वय गर्ने,

(ङ) छात्रवृत्ति कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्ने,

(च) छात्रवृत्ति  सम्बन्धी अन्य आवश्यक कार्य गर्ने गराउने ।

**७.छात्रवृत्तिको आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः** (१) दफा ३ बमोजिमको शर्त पुरा गरेका छात्रछात्राले दफा ८ बमोजिमको छात्रवृत्ति  प्राप्त गर्न दफा ४ को उपदफा (१) बमोजिम पेश गर्ने निवेदन साथ देहाय बमोजिमका कागजात अनिवार्य रुपमा पेश गर्नुपर्नेछः

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

(ख) भागेश्वर गाउँपालिकामा स्थायी बासिन्दा भएको निस्सा

(ग) भागेश्वर गाउँपालिकाको स्थायी बासिन्दा भएको पुरुष संग विहे गरेको महिला भए विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपी,

(घ) एसइइको शैक्षिक योग्यताको प्रमाण पत्र र लब्धाङ्कको प्रतिलिपी

(ङ) स्नातक तहको छात्रवृत्तिका लागि कक्षा १२ उत्तिर्णको शैक्षिक योग्यताको प्रमाण पत्र र लब्धाङ्कको प्रतिलिपी

(च) स्नातकोत्तर तहको छात्रवृत्तिका लागि स्नातक तह उत्तिर्णको शैक्षिक योग्यताको प्रमाण पत्र र लब्धाङ्कको प्रतिलिपी

(छ) हाल अध्ययनरत क्याम्पस, विश्वविद्यालय तथा शिक्षालयको अध्ययनरत रहेको सिफारिस पत्र ।

**८.छात्रवृत्तिको रकम र निकासा प्रक्रियाः** (१) निवेदकको पारिवारीक आर्थिक अवस्था, निजको शैक्षिक योग्यताको प्राप्ताङ्क, निवेदकले अध्ययन गरिरहेको विषय आदिलाई मध्यनजर गरी समितिले बजेटलाइ समेत ध्यानमा राखी तपशिलमा उल्लेखित छात्रवृत्ति  रकम उपलब्ध गराउनेछ ।

(क) प्रमाण पत्र तहः

(अ) कृषि, भेटेनरी, इन्जिनियरिङ, फरेष्टी तथा सर्वेका लागि बढीमा रु. २०,०००। (अक्षरुपी रु. बीस हजार मात्र ।)

(आ) स्वास्थ्य सेवा तर्फ ( हेल्थ असिष्टेन्ट, फार्मेसी, स्टाफ नर्स, ल्याब टेक्निसयिन तथा आयुर्वेद) बढीमा रु. ३०,०००। (अक्षरुपी रु. तीस हजार मात्र ।)

(ख) स्नातक तहः

(अ) विज्ञान तथा सुचना प्रविधि तर्फ बढीमा रु. १,००,०००। (अक्षरुपी रु. एक लाख मात्र ।)

(आ) इन्जिनियरीङ तर्फ बढीमा रु. २,००,०००। (अक्षरुपी रु. दुइ लाख मात्र । )

(इ) पशु चिकित्सा तर्फ बढीमा रु. ४,००,०००। (अक्षरुपी रु चार लाख मात्र ।)

(ई) चिकित्साशास्त्र तर्फ  बढीमा रु. १०,००,०००। (अक्षरुपी रु. दश लाख मात्र ।)

(ग) स्नातकोत्तर तहः

(अ) विज्ञान तथा सुचना प्रविधि तर्फ बढीमा रु. १,००,०००। (अक्षरुपी रु. एक लाख मात्र ।)

(आ) इन्जिनियरीङ तर्फ बढीमा रु. ३,००,०००। (अक्षरुपी रु. तीन लाख मात्र ।)

(इ) चिकित्साशास्त्र तर्फ रु. ५,००,०००। (अक्षरुपी रु. पाँच लाख मात्र ।)

(२) छात्रवृत्तिमा छनोट भएका निवेदकले रकम प्राप्त गर्न आफ्नो खाता रहेको बैंकको नाम, ठेगाना र बैंक खाता नम्बर तथा अनुसूची २ बमोजिमको कबुलियतनामा समेत संलग्न गरी गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनको आवश्यक कागजात रुजु गरी सम्बन्धीत विद्यार्थीको बैंक खातामा छात्रवृत्ति रकम जम्मा गर्नुपर्नेछ ।

**९.छात्रवृत्ति वितरण व्यवस्थापन खर्चः** छात्रवृत्ति सम्बन्धी कार्यगर्दा लाग्ने खर्च तथा बैठक बाफतको रकम नियमानुसार उपलब्ध गाउँपालिकाबाट हुनेछ ।

**१०. प्रतिवेदन पेश गर्नुपर्नेः**

गाउँपालिकाले यस कार्यविधि बमोजिम वितरण गरेको छात्रवृत्ति रकमको बार्षिक प्रतिवेदन गाउँकार्यपालिकामा पेश गनुपर्नेछ ।

**११. लेखापरीक्षणः**

छात्रवृत्ति रकमको लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**१२. बाधा अड्काउ, फुकाउ र व्याख्याः** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) यस कार्यविधिको कुनै दफा तथा उपदफामा द्विविधा उत्पन्न भएमा यसको व्याख्या गर्ने अधिकार गाउँकार्यपालिकामा हुनेछ ।

**१३. संशोधनः** यस कार्यविधिमा गाउँपालिकाले आवश्यक संशोधन गर्न सक्ने छ ।

**अनुसूची १**

**(दफा ४ को उपदफा १ संग सम्बन्धीत)**

**शैक्षिक छात्रवृत्ति  निवेदन फारमको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
भागेश्वर गाउँपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा ।

**विषयः छात्रवृत्ति  सम्बन्धमा ।**

महोदय,

भागेश्वर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बगरकोट, डडेल्धुराको मिति...................... गतेको सूचना बमोजमि मैले हाल अध्ययन गरिरहेको तह, मेरो व्यक्तिगत विवरण, संस्थागत र अन्य विवरण खुलाइ यस गाउँपालिकामा यो निवेदन पेश गरेको छु ।

१. छात्रवृत्तिका लागि आवेदन दिएको शैक्षिक तहः (क) प्रमाण पत्र तह (ख) स्नातक तह (ग) स्नातकोत्तर

२. कक्षा ११ वा सो सरहको तहमा, स्नातक वा स्नातकोत्तर तहको पहिलो वर्षमा भर्ना भएको मितिः.........

३. व्यक्तिगत विवरणः

क) नामथरः................

ख) ठेगानाः...................... ग) जन्ममितिः ......................

घ) मोवाइल नम्बरः ............................ ङ) इमेलः ......................................................

च) वुवा /आमाको नामः................................................................

छ) वुवा आमाको पेशाः ..........................

ज) बाजेको नामः.............................................

झ) वैवाहिक स्थितिः विवाहित /अविवाहित

ञ) विवाहित भए पति/पत्निकोः

नामः ................................................. ठेगानाः ..................................

सम्पर्क नम्बरः .................................. पेशाः ..........................................

ट) निवेदको रोजगारीको अवस्थाः रोजगार / वेरोजगार

ठ) रोजगार भए रोजगारदाताकोः

नामः ........................................

ठेगानाः ....................................

सम्पर्क नम्बरः .................................

ड) उत्तिर्ण गरेको शैक्षिक तह र संकायः

अ) एसइइ

आ) कक्षा १२

इ) स्नातक

ढ) हाल अध्ययनरत विद्यालय / शिक्षालय / क्याम्पस वा विश्वविद्यालयको नाम र ठेगाना:

.......................................................................................................................

ण) अध्ययनरत संकाय: ..............................

त) अध्ययनरत विषय: .........................

४. शैक्षिक विवरण:

| क्र.सं. | उत्तिर्ण गरेको तह | अध्ययन गरेको शैक्षिक संस्थाको नाम र ठेगाना | मूख्य विषय | संकाय | उत्तिर्ण साल | श्रेणी | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | एसइइ | | | | | | | |
| २ | कक्षा १२ | | | | | | | |
| ३ | स्नातक तह | | | | | | | |

५. अध्ययन लागत:

क) अध्ययनरत विद्यालय शिक्षालय क्याम्पस वा विश्वविद्यालयको मासिक पढाइ शुल्क:

ख) भर्ना शुल्क:

ग) प्रयोगात्मक शुल्क:

घ) अन्य शुल्क:

६. माथी उल्लेखित विवरण ठिक / साँचो छन् झुट्टा ठहरे कानुन बमोजिम सहुला बुझाउँला ।

निवेदक:

नामथर:

ठेगाना:

दस्तखत:

मिति:

नोटः **निवेदन साथ पेश गर्नुपर्ने कागजात:**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

२. भागेश्वर गाउँपालिकाको स्थायी बासिन्दा जनाउने कुनै निस्सा (वडाको सिफारिस)

३. विवाहित महिलाको हकमा विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपी

४. एसइइ शैक्षिक योग्यताको प्रमाणपत्र र लब्धाङ्क पत्रको प्रतिलिपी

५. स्नातक तहको लागि कक्षा १२ को शैक्षिक योग्यताका प्रमाण पत्र र लब्धाङ्क पत्रको प्रतिलिपी

६.स्नातकोत्तर तहको लागि स्नातक तहको शैक्षिक योग्यताका प्रमाण पत्र र लब्धाङ्क पत्रको प्रतिलिपी

७. हाल अध्ययनरत विद्यालय, शिक्षालय, क्याम्पस तथा विश्वविद्यालयको अध्ययन गरिरहेको नियमित विद्यार्थी भएको व्यहोराको पत्र ।

## अनुसूची – २

**(दफा ८ को उपदफा २ संग सम्बन्धीत)**

## कबुलियतनामा

श्री ..................................... को नाती नातिनी श्री ........................................... को छोरा छोरी बुहारी ............................ जिल्ला .............................. गाउँपालिका वडा नं. ......... मा स्थायी बसोबास रहेको हाल ....................................................... विद्यालय शिक्षालय क्याम्पस विश्वविद्यालयमा ....................... तह ............. बर्षमा ........................... विषय लिइ अध्ययनरत म ............................. (नागरिकता नं. .....................) भागेश्वर गाउँपालिकाबाट प्रदान गरिने शैक्षिक छात्रवृत्ति का लागि छनोट भएकोले शैक्षिक छात्रवृत्ति  कार्यविधि २०७९ का शर्तहरुको पूर्ण रुपमा पालना गर्नेछु । प्राप्त छात्रवृत्ति लाइ दुरुपयोग गरे वा अध्ययन पुरा नगरेमा सो रकम फिर्ता बुझाउने छु । सो रकम मैले फिर्ता नबुझाएमा मेरो घर घरानाबाट असुल उपर गरेमा मेरो मन्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी भागेश्वर गाउँपालिकामा पेश गरेको छु ।

छात्रवृत्ति  पाउनेः

दस्तखतः

नामथरः

सम्पर्क ठेगानाः

इमेलः

मोवाइल नम्बरः

मितिः

नोटः अध्ययन सम्पन्न भए पश्चात भागेश्वर गाउँपालिकामा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**<u>आज्ञाले</u>**

खगेन्द्र भारती

प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका